परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १२ ❑ अंक ४ २०८० भाद्र ३ गते आईतवार Sunday 20, AUG 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

## दिनदहाडै तरवार प्रहार गरी भारत भागेका आरोपीहरू प्रहरीको फन्दामा

विराटनगर । कोशी प्रदेशको राजधानी विराटनगरको मुख्य बजार एरियामा दिनदहाडै एक युवालाई तरवार प्रहार गरी घाईते बनाएर फरारभइ भारत भागेका आरोपी प्रहरीको फन्दामा परेका छन् ।

सोमबार दिउँसो विराटनगरको सनसारीमाइस्थानमा रातो पल्सर मोटरसाइकलमा आएका तीन जनाले विराटनगर वडा नं. ८ का २२ वर्षिय महमद हलिमलाई तरवार प्रहार गरी विराटनगरको जोगवनी हुँदै भारत पुगेका थिए ।

मोरंग प्रहरीले घटनामा संलग्नहरु भारत तीर भागेको सुइको पाएपछि मोरङ प्रहरीले वरिष्ठ सइ राजेन्द्र कटुवालको टोली भारत पठाएको थियो । उक्त टोलीमा कोशी प्रदेश प्रहरी कार्यालय रिटका प्रहरी पनि सामेल रहेका थिए । तरवार प्रहार गरेको दुई दिनपछि भारत पुगेर प्रहरीले बुधवार विहान २ बजे घटनामा संलग्न दुई जनालाई पक्राउ गरेको थियो ।

तरवार प्रहार घटनाका संलग्न रहेका विराटनगर महानगर पालिका-८ का २२ वर्षीय समीर हुसेन र विराटनगर-६ का २४ वर्षीय अशोक अन्सारी रहेको मोरङ प्रहरीका प्रहरी निरीक्षक मोहन पोखरेलले




तरवार प्रहार गर्ने आरोपीहरु ।

जानकारी गराएका थिए ।

पक्राउ परेका मध्ये समीर घटनका मुख्य अभियुक्त रहेको प्रहरीले जनाएको छ । सोमबार दिउँसो रातो पल्सर मोटरसाइकलमा तीन जना चढेर महमद हलिमलाई तरबार प्रहार गरेका थिए । समीरले बोकेको तरबारले हलिमलाई प्रहार गरेका थिए । तरबार प्रहारबाट हलिम गम्भीर घाइते भएका थिए । दुवै हातमा गहिरो चोट लागेका उनको विराटनगरकै नोबेल शिक्षण अस्पतालमा उपचार भइरहेको छ ।

प्रहरीको प्रारम्भिक अनुसन्धान बाट घटनामा आठ जनाको संलग्नता देखिएको छ । फरार रहेका ६ जनाको खोजीका लागि मोरङ प्रहरी प्रमुख एसपी दीपक पोखरेलले विशेष टोली परिचालन गरेका छन् । घटनामा संलग्नको खोजीमा कोसी प्रदेश प्रहरी कार्यालय विराटनगरले पनि टोली खटाएको छ ।

घटनामा प्रयोग गरिएको तरबार भने प्रहरीले यसअघि नै बरामद गरिसकेको छ । हलिममाथि आक्रमण गरेपछि तरबार झाडीमा फालेर घटनामा संलग्नहरू भागेका थिए । घटनामा संलग्न अन्य विराटनगरका २२ वर्षीय अमन कुरेसि, विराटनगर ११ जनपथ टोलका २६ वर्षीय कुशल पाण्डे , विराटनगर सौरचियाका सदाब अन्सारीको समूह फरार छन् ।

पुरानै रिसईबीका कारण हलिममाथि तरबार हानिएको हुनसक्ने प्रहरीको भनाइ छ ।

बांकी अन्तिम पेजमा...

## ओली र देउवालाई जेल हाल्ने षड्यन्त्र : सांसद शर्मा

विराटनगर । प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्माले एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवालाई पनि सरकारले जेल हाल्ने षड्यन्त्र गरिरहेको बताएका छन् ।

ज्येष्ठ नागरिक समाजले मोरङको विराटचोकमा आयोजना गरेको कार्यक्रमलाई सम्वोधन गर्दै सांसद शर्माले प्रचण्ड नेतृत्वको सरकारले राजनीतिक पूर्वाग्रहका आधारमा ओली र देउवालाई जेल हाल्ने षड्यन्त्र गरिरहेको बताएका हुन् ।

प्रचण्ड नेतृत्वको सरकार राजनीतिक पूर्वाग्रहका आधारमा अघि बढेको भन्दै सांसद शर्माले अहिले ओलीलाई जेल हाल्ने षड्यन्त्र बनिरहेको बताए । पहिले ओलीलाई जेलमा कोच्ने अनि देउवालाई पनि जेल हाल्ने गरी यो सरकारले षड्यन्त्र रचिरहेको उनले दावी गरेका थिए ।

अरुकै इसारामा सरकार चलिरहेको आशंका व्यक्त गर्दै सांसद शर्माले अहिले ओली र देउवालाई जेल हाल्न षड्यन्त्र गराउनेले २०८४ अघि प्रचण्डलाई पनि जेल हाल्ने जिकिर गरे । 'अहिलेको प्रचण्ड नेतृत्वको सरकारले अब ढिलो चाँडो ओली बा लाई जेल ठोक्दैछ, राजनीतिक पूर्वाग्रहका आधारमा पहिले ओली बा लाई जेल ठोक्ने र त्यसपछि शेरबहादुर देउवालाई जेल ठोक्ने योजना बन्दैछ,' सांसद शर्माले भने, 'लेखेर राख्नुस् अहिले यो जसले जेल ठोकाउँदैछ, २०८४ अघि प्रचण्डलाई पनि जेल ठोक्ने प्लानमा छ, हेक्का रहोस् प्रचण्ड जीलाई ।

भ्रष्टाचारको विरुद्धमा बोल्दा

## पहिचान सहितको संघियता ल्याउन दुई तिहाई आवश्यक

विराटनगर । पहिचान सहित प्रदेशको नामाकरण गर्नका सबै पालिका, ७७ वटा जिल्ला र ७ वटै प्रदेशमा सचेतना जगाउन आवश्यक रहेको प्रा.डा.राजनीतिक विश्लेशक महेन्द्र लावती बताएको छन् ।

उक्त कुरा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) ले २४ औं स्थापना दिवसको अवसर पहिचान आन्दोलन अबको बाटो विषयक छलफल कार्यक्रमा सो कुरा बताएको हो । पहिचान सहितको नामाकरण मागलाई सम्वोधन गराउन आदीवासी जनजातीलाई एक ढिक्का वनाई गाउँगाउँसम्म सचेतना जगाउन अगुवाहरुलाई आग्रह गरेका छन् ।

त्यसैगरी लेखक एवं विश्लेशक खगेन्द्र संग्रौलाले आदिवासी जनजातिका प्रदेश नं १ मा ४७ प्रतिशत उपस्थिति रहेपनि

बांकी अन्तिम पेजमा...

## सेतो प्लेटको सवारी साधन रोकेर विरोध

विराटनगर । हुलाकी राजमार्ग चाडोभन्दा चाडो निर्माण कार्य सम्पन्न गर्न माग गर्दै कटहरीका सर्वसाधारणहरुले सेतो प्लेटको सवारी साधनलाई रोकेर विरोध गरेका छन् ।

हुलाकी राजमार्गमा पर्ने कटहरी गाउँपालिकाका युवाहरुले राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिहरुले चढने सेतो प्लेटका दुई पांग्रे र चार पांग्रे सवारी साधन रोकेर विरोध जनाएको हो ।

कटहरी गाउँपालिका अन्तर्गत पर्ने हुलाकी मार्ग निर्माण कार्य छाडेर ठेकेदार बेपत्ता भएपछि हुलाकी सडकमा सरकारी यातायातका सबै सवारी साधन २ घण्टा रोकेर सर्वसाधारणहरुले विरोध जनाएको गरेका हुन् ।

हुलाकी सडक निर्माण गर्न ठेक्का लिएका कम्पनी र पेटी ठेक्केदारहरु भागेपछि अहिले हुलाकी सडक अलपत्र बनेको छ, भने बाटो हिलामै भएको छ । कुनै पनि यातायातका साधन चलाउन कठिनाई भइरहेको छ ।

हुलाकी सडक निर्माणको काम ढिलाई भएका कारण पानी परेको बेला झन बढी उच्च जोखीम मोल्नु परेको छ । जिल्ला प्रशासन कार्यालय मोरङ अगाडी शान्ति पूर्ण धर्ना बस्दै आएपनि सरकारले कुनै सुनवाई नगरेपछि सरकारी यातायातका सबै सवारी साधनमा प्रत्येक दिन २ घण्टाका लागि रोकेको कटहरी गाउँपालिकाका पूर्वअध्यक्ष रामकुमार कामतले बताए ।

सरकारी यातायातका सबै सवारी साधन प्रत्येक दिन विहान ९ वजेदेखि ११ वजेसम्म लागि सेतो प्लेटका दुई पांग्रे

बांकी अन्तिम पेजमा...

## प्रहरीको अनुसन्धान फितलो भएको परिवारको गुनासो

विराटनगर । सिद्धान्त भट्टराईको रहस्यमय मृत्यु भएको घटनामा प्रहरीको अनुसन्धान फितलो भएको मृतक परिवारले गुनासो गरेका छन् ।

विराटनगर-१० बस्ने २३ वषिय सिद्धान्तको दुर्घटना नभएर हत्या भएको भन्दै घटनामा प्रहरीले फितलो अनुसन्धान गरेको मृतक परिवारको गुनासो छ । साउन २३ गते सिराहाको मिर्चैया नगरपालिका ५ कटारी चोकस्थित शम्भु होटेलको पछाडि सिद्धान्तको शव भेटिएको थियो । घटनको प्रकृति हेर्दा छोरा सिद्धान्तको दुर्घटना नभएर हत्या भएको बाबु सुरेशले बताए । 'छोराको अपहरण गर्न खोजिएको थियो । त्यो पुरा हुन नसकेपछि हत्या भएको छ,' बाबु सुरेशले भने, 'छोराको हत्या भएको घटनामा प्रहरीले गहन रूपमा अनुसन्धान नगरेको पाइएको छ । यतिका दिन भइसक्यो अहिलेसम्म पोस्टमार्टम रिपोटबारेमा पनि परिवारलाई जानकारी गराएको छैन ।'

प्रहरीले घटनाको सूक्ष्म तरिकाले अनुसन्धान गरी दोषीलाई कडा कारवाही हुनुपर्ने उनले माग राखेका छन् ।घटना भएको यतिका दिनसम्म पनि प्रहरीले प्रारम्भिक अनुसन्धान प्रतिवेदन बारे जानकारी नदिएको भन्दै उनले गुनासो गरे । उनले मोरङमा बसोबास भएको व्यक्ति सिराहाको होटेलमा मृत फेला पर्दा प्रहरी पीडित परिवारमैत्री नभएको उनले बताए ।

भट्टराई होटेलको पछाडिपट्टि जिन्स पाइन्ट लगाएको र कम्मरदेखि माथि पट्टिको भागमा लुगा नभएको अवस्थामा मृत भेटिएका थिए । उनको घाँटीको

बांकी अन्तिम पेजमा...

## सुनको सिक्री चोरीमा नबालकको संलग्नता

विराटनगर । सुनको सिक्री चोरीमा नबालकको संलग्नता रहेको जिल्ला प्रहरी मोरंगले जनाएको छ । सोही सिक्री चोरी गरेको आरोपमा एक जनालाई प्रहरीले पक्राउ गरको छ ।



घटनाको विवरण अनुसार श्रावन १९ गते जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ४ स्थित नोवेल नहर छेउमा लाग्ने शुक्रबारे हटियामा विराटनगर महानगरपालिका वडा नं.-३ बस्ने खड्ग माया कार्कीले तरकारी किनिरहेको अवस्थामा नाबालककहरू सांकेतिक नाम विराटनगर १६ र १७ ले घाटीमा लगाएको २ तोलाको सुनको सिक्री चोरी गरेको थियो ।

चोरी गरको कसूरमा तत्काल पक्राउ परी प्रारम्भिक अनुसन्धानको क्रममा जिल्ला मोरङ विराटनगर महानगर पालिका वडा नं. ८ स्थायी घर भई हाल विराटनगर महानगरपालिका वडा नं.-३ स्थितमा कोठा भाँडामा लिएर बस्ने बर्ष २८ को अंकित भन्ने हरकित साहले निज सांकेतिक नाम विराटनगर१६ र१७ लाई

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## राष्ट्रसेवक...

सूचनामा तोकेको तत्-तत् निकायमा सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था गरिएको छ।

जुनसुकै तह, निकाय आबद्ध पदाधिकारी, कर्मचारीहरूले आ-आफ्नो निकायमा सम्पत्ति विवरण बुझाउनुपर्ने दायित्व हुन्छ। ती पदाधिकारी तथा कर्मचारीहरूले सम्पत्ति विवरण बुझाए वा नबुझाएको अभिलेखको जानकारी सम्पत्ति विवरण राखेको निकायले सम्पत्ति विवरण बुझाउन तोकेको अन्तिम म्याद सकेको दुई महिनाभित्र अनिवार्य रूपमा राष्ट्रिय सतर्कता केन्द्रमा छिटो साधनद्वारा उपलब्ध गराउनुपर्ने व्यवस्था छ।

सार्वजनिक पद धारण गरेको पदाधिकारी र कर्मचारीहरूले बुझाउनुपर्ने सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएको निकायमा पठाउने र सम्पत्ति विवरण बुझाउने र नबुझाउने पदाधिकारी तथा कर्मचारीहरूको विवरण समयमा नै उपलब्ध गराउने जिम्मेवारी र कर्तव्य सम्बन्धित निकायको प्रमुखको हुने व्यवस्था गरिएको छ।

भ्रष्टाचार गर्नुका विभिन्न कारण छन्, तिनमा आर्थिक लाभका लागि भ्रष्टाचार गर्नु सबैभन्दा ठूलो र धेरै कारण हुन्। भ्रष्टाचारका कारक पनि विभिन्न छन् तर जो-कोही भए पनि भ्रष्टाचारको कर्ता भने राजनीतिक व्यक्ति र सरकारका कर्मचारी नै हुन्।

सरकारमा कुनै पनि रूपमा संलग्न हुने राजनेता तथा राष्ट्रसेवक भ्रष्टाचार गर्ने विचार र परिस्थितिबाट मुक्त हुनसके देशको लागि अहोभाग्य हुनेछ। देश महान् बन्नेछ। तर त्यो हुन नसकेसम्म भ्रष्टाचार निरोधी कानुनलाई जीवन्त बनाइराख्नु अपरिहार्य हुन्छ।

भ्रष्टाचार निरोध गर्ने एक अप्रत्यक्ष उपायको सम्पत्ति विवरणको संकलन तथा तिनको विश्लेषण आवश्यक छ। साथै नागरिक समाज तत्पर भए एक एक नेता र कर्मचारीको विद्यमान सम्पत्तिको अवस्था हेरी असामान्य अवस्था देखिए भ्रष्टाचार निरोधी निकायको नजरमा पुऱ्याउन सकिनेछ। कतिपय नागरिक समाजका नेता भनाउँदाहरू पनि अकुत सम्पत्तिका मालिकको रूपमा देखिन सक्छन्। तर तिनलाई पनि कानुनी दायराभन्दा बाहिर छाडिदिनुहुँदैन।

NO SMOKING

## दिनदहाडै...

'केही दिन अगाडी हलिमको साथीमाथि समिरका केटाहरूले आक्रमण गरेका थिए। त्यसपछि हलिमले समिरका केटाहरूलाई कुटपिट गरेका थिए। त्यही कुटपिट गरेको रिस फेर्न हलिमलाई आक्रमण गर्ने योजना समीरले बनाएका थिए,' घटनाको अनुसन्धान गर्दै आएका एक प्रहरी अधिकृतले भने, 'त्यही रिस फेर्न तरबार प्रहार गरेर आक्रमण गरेको देखिन्छ। यस घटनामा संलग्न अन्य पक्राउ परेपछि थप विषय खुल्नेछ।'

पक्राउ परेका दुवै जनालाई प्रहरीले बुधवार मोरङ अदालतमा ज्यान मार्ने उद्योगमा म्याद थप गरी अनुसन्धान सुरु गरेको छ।

## ओली...

आफूलाई गिरफ्तार गरिएको भन्दै सांसद शर्माले राज्यसत्ताले गरेका गलत कामका विरुद्ध बोल्नेहरूको आवाज दबाउँछ सरकार लागिपरिरहेको आरोप लगाए। भ्रष्टाचार विरोधी अभियानमा कोही पनि पक्ष विपक्ष नहुने तर्क गर्दै उनले आफूले उठाएको आवाजलाई पक्ष विपक्ष सबैले साथ दिएको प्रति खुशी व्यक्त गरे। राज्यसत्ताको दुरुपयोग गरेर देश लुट्ने छुट कसैलाई पनि नभएको भन्दै उनले गलत कामका विरुद्ध सँधै बोलिरहने उल्लेख गरेका थिए।

## सेतो...

र चार पांग्रे सवारी रोकेको कामतले जानकारी गराउँनु भयो।

जबसम्म ठेकेदारले बाटो निर्माणको काम सुचारु गर्दैन तब सम्म शान्ति पूर्ण आन्दोलन जारी रहने उहाँले सरकारलाई चेतावनी दिएकोछ। कटहरीका सर्व साधारणले रंगेली नगर पालिकका मेयर चढने सेतो प्लेटको गाडी, रतुवामाई नगरपालिकाका मेयर चढने सेतो प्लेटको गाडीलगायत राष्ट्र सेवकहरु चढने सेतो प्लेटका दुई पांग्रे र चार पांग्रे सवारी रोको र विरोध जनाएका छन्।

## पहिचान...

पहिचानसहितको नामकरण गराउन नसक्नु नेतृत्व कर्ताहरुको कमजोरी रहेको वताए। जनजातिका नेतृत्वहरुले प्रदेश नमाकरणको विषयमा मतदान नगरेको भए कोशी प्रदेश हुने थिएन उहाँहरुले आफ्ना अधिकार प्राप्त गर्न सहज ढंगले प्राप्त गर्ने अधिकार अहिले आएर संघर्ष गर्नु परेको उहाँको भनाई छ।

लेखक एवं विश्लेशक भवानी वराल, राजनीतिक विश्लेशक डम्बर खतिवडा र फोनिजको केन्द्रीय अध्यक्ष गजुरधन राईलगायतले पहिचानसहितको नामकरण गराउन जनदवाव आवश्यक रहेको विचार व्यक्त गरेका थिए।

## प्रहरीको...

सिक्री र पाइन्टको गोजीमा मोबाइल तथा पर्स भए पनि हातको घडी र चस्मा अझैसम्म फेला परेको खबर आएको छैन। को१ च ९१७२ नम्बरको पिक अप जिपमा मार्केटिङका लागि गएका थिए। गाडीका चालक सागर रायसँग सहदेव होटेलमा खाजा र खान खाएपछि उनी बाहिर निस्केका थिए। राति १ बजेतिर होटेलका सञ्चालकले उनको मृत्यु भएको भन्ने खबर प्रहरीलाई गराएका थिए।

गत मङ्गलवार पाथीभरा कापी उद्योगको व्यापारिक काम लिएर मिर्चैया पुगेका भट्टराई सहदेव होटेलमा बसेका थिए। साँझ खाना खाएर बाहिर निस्केका उनी आफू बस्ने होटेल नजिकैको अर्को होटेलमा मृत फेला परेका हुन्।

इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख डिएसपी जितेन्द्र कुमार बस्नेतले पीडित परिवारले अहिले नै अनुसन्धान नभएको भन्न नमिल्ने बताए। उनले पीडामा परेकाहरूलाई तत्काल न्याय चाहिने भए पनि अनुसन्धान गर्ने निकायले आफ्नो काम गरिरहेको बताए। 'होटेलका सञ्चालक बाबु-छोरालाई पक्राउ गरिएको भए पनि बाबु शम्भुलाई छोडिएको थियो,' उनले भने, 'शम्भु साह भागेका छन्, छोरा हाम्रो नियन्त्रणमै छन्, अनुसन्धानको काम विभिन्न कोणबाट भइरहेको छ।

प्रहरीले घटना भएको होटेलबाट लागु औषध कारोबार हुने सूचना पाएपछि छापा हानेको थियो। त्यस क्रममा लागु औषध समेत बरामद गरेको बस्नेतले जानकारी दिइएको छ। प्रहरीले घटनालाई विभिन्न कोणबाट अनुसन्धान गरेर निष्कर्षमा पुऱ्याउने दावी छ।

## सुनको...

बोलाई चोरी गर्न लगाएको खुल्न आएको थियो।

उक्त सिक्री चोरी गरी निज साहलाई दिएको खुल्न आएको हुँदा निज साहलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले श्रावन २० गते विराटनगर महानगरपालिका वडा नं. ११ स्थितबाट निज साहलाई पक्राउ गरी चोरी/डाका कसूरमा सम्मानित मोरङ जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान कार्य भई रहेको छ।

साथै श्रावण १२ गते विराटनगर महानगरपालिका वडा नं.-४ स्थित शुक्रबारे हटियामा विराटनगर महानगरपालिका वडा नं. ३ बस्ने राजु राईले तरकारी किन्ने क्रममा निजले लगाएको सुनको सिक्री चोरी गरेको यस्तै प्रकृतिको कसूरमा संलग्न रहेको जाहेरी प्राप्त भई थप अनुसन्धान कार्य समेत भई रहेको प्रहरीले जनाएको छ।

# संकटमा आफ्नैले वास्ता गरेनन्, ओलीले साथ दिएकाले भेट्न गाए : सांसद शर्मा

विराटनगर। नेपाली कांग्रेसका सांसद डा.सुनिल शर्माले सङ्कटमा साथ दिएकाले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न गएको बताएका छन्। नेपाली कांग्रेसले मंगलबार मोरङको पथरीशनिश्चरेमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै सांसद शर्माले ओलीलाई भेट्न उनको निवास बालकोट जानुको कारण कार्यकर्तासमक्ष खुलाएका हुन्।

सुन तस्करी गरेर राज्यलाई करोडौं, अरबौं राजश्व छली भइरहेकाले त्यसको विरुद्धमा बोल्दा आफूलाई षड्यन्त्रपूर्वक हिरासतमा पुर्याइएको उनले बताए। आफूमाथि अन्याय हुँदा आफ्नै पार्टीका कतिपय जिम्मेवार व्यक्ति मौन बसेको भन्दै उनले दुःख व्यक्त गरे। तर, प्रतिपक्षी दल एमालेका अध्यक्ष केपी शर्मा ओलीले पक्राउको विरोधमा बोलेर आफूलाई सङ्कटका बेला साथ दिएकाले ओलीलाई भेट्न गएको उनले सुनाए। 'अनुमान लगाउँनुस्, तपाईंलाई तपाइकै बुबाले मार्न भनेर घाँटीमा न्याकेर पोखरीमा डुवाए, तर त्यतिबेला सँधै झगडा गरिरहने छिमेकी आएर तपाईंलाई बचायो भने पोखरीबाट निस्किएपछि मार्न खोज्ने बुबालाई अङ्गालो मार्नुहुन्छ की उद्धार गर्नेलाई मार्नुहुन्छ ?,' प्रश्न गर्दै सांसद शर्माले भने, 'सङ्कटमा जसले बचायो त्यसलाई पहिले अङ्गालो मारिन्छ, हो मैले पनि त्यही कारण केपी ओली जिन्दावाद भनेको हुँ, उनलाई भेट्न पनि गएको हुँ।'

आफूलाई गिरफ्तार गराउँन कांग्रेस भित्रकै कतिपय जिम्मेवार व्यक्ति लागिपरेको उनले आशंका व्यक्त गरे। बालकृष्ण खाँडलाई पक्राउ गराउँने समूहले नै आफूलाई पनि फसाउँने योजना रचेर पक्राउ गराएको उनले सुनाए। कतिपय व्यक्ति विरुद्धमा लागेपनि पक्राउ पर्दा आफूलाई धेरैले साथ दिएको भन्दै उनले सङ्कटमा साथ दिने सबैलाई धन्यवाद दिए। गलत काम भइरहदा टुलुटुलु हेरेर बस्न नसकिने भन्दै उनले गलत कामको सँधै विरोध गरेर जनताको पक्षमा बोलिरहने बताए।


सूचना सूचना सूचना

*सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो। यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।*

**सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १**

**आँखा पाक्ने रोगका लक्षण**

- आँखा रातो हुने र चिलाउने।
- आँखाबाट आसु बगिरहने, कचेरा, चिपरा लाग्ने।
- आँखाको ढकनी रातो हुने, सुन्ने।
- आँखा विझाउने, दुख्ने।
- घाममा वा उज्यारोमा हेर्न गाह्रो हुने।

यस्ता लक्षण आँखा पाक्ने रोगका हुन सक्छन्। यस्ता समस्या देखिए तत्काल चिकित्सकसँग परामर्श लिऔं।

**नेपाल सरकार, विज्ञापन बोर्ड**

**विराटनगर महानगरपालिकाको सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं।


परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# भ्रष्टाचारीलाई कारवाही गरौं

मुलुकमा राना शासन, राजा शासन, प्रजातन्त्र हुदै अहिले लोकतान्त्रिक गणतन्त्रमा आई सकेका छौ। यस अवधिमा नेपाली जनता माथि अन्याय अत्याचार गरेकै कारण राना शासनलाई राजा र जनता मिलेर फालेको थियो। त्यसैगरी राजा शासनमा पनि राजपरिवारका सदस्यहरुले अनावश्यक रुपमा राज्यका ढुकुटी सिध्याउने र जनताको पक्षमा केही वोलेमा नजरवन्धमा राख्ने व्यवस्थाले तंगभई जनता र राजनीतिक दल मिलेर राजाको एक दलिय शासन समेत समाप्त पारी प्रजातन्त्रको स्थापना गरेका हुन। प्रजातन्त्रलाई जनताले मन नपराएपछि त्यसलाई फालेर अहिले लोकतान्त्रिक गणतन्त्र आई सकेको छ। यसमा पनि चित्त नबुझर अहेले केही राजनीतिक पार्टीहरुले समाजवादको वकलात गर्न थालेका छन्।

माथिका यी सवै व्यवस्थामा केहीन केही त परिवर्तन हुँदै गएको छ। त्यस मध्ये भौतिक निर्माणका कार्यमा सवभन्दा वढी प्रगती गरेको नै छ साथ(साथै ती व्यवस्थामा सत्तामा पुगेका राजनीतिक दलका आसेपासे र कर्मचारीहरुले मनपरी भ्रष्टाचार गरका छन्। ती भ्रष्टाचार पनि समय अनुसार वृद्धि हुँदै गएको छ। अहिले त खुलेआम जनताका प्रतिनिधी र राष्टूसेवक कर्मचारीले त बजेटमा त्यही कार्यक्रम हाल्छ जुनमाकी बढी कमीसन आउँछ अन्यथा बजेटमा कार्यक्रम हालिदैन।

त्यही भ्रष्टाचारलाई निवारण गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन भएको छ। जसले अहिले सशक्त रुपमा गैरकानूनी रुपमा कमाएका सम्पति छानवीन, गैरकानूनी गरेका काम, सुन तस्करी, ललिता निवास जग्गा प्रकरण लगायतका मुद्दामा राजनीतिक पार्टीका उच्च पदका नेताहरु केही पक्राउ परेका छन भने कही अनुसन्धानमा तानिने क्रममा छन्। तर पार्टीका नेताहरुले आ(आफ्नोलाई वचाउने लगि परेको छ। भ्रष्टाचारमा लागेका जो सुकैलाई कानुनी कटघरामा उभ्याउन सवै एक मत हुन जरुरी छ। अन्यथा भ्रष्टाचारको जालो अझ बढ्दै जाने पक्का छ।

# राष्ट्रसेवक भ्रष्टाचार मुक्त हुनसके देश महान बन्छ

**अजय कुमार झा**

भ्रष्ट आचरणको अनुसरण नै 'भ्रष्टाचार' हो। भ्रष्टाचार फौजदारी अपराध पनि हो। कुनै पनि पदाधिकारीले अवैध फाइदा लिन वा आफ्नो व्यक्तिगत लाभको लागि जब आफ्नो पदीय शक्तिको दुरुपयोग गर्दछ, तब भ्रष्टाचारको जन्म हुन्छ। राजनीतिक भ्रष्टाचार तब हुन्छ जब कुनै पदाधिकारी वा अन्य सरकारी कर्मचारीले व्यक्तिगत लाभको लागि आधिकारिक क्षमताको साथ काम गर्दछ।

नेपाल भ्रष्टाचार धेरै हुने मुलुकमा गनिन्छ। यहाँ भ्रष्टाचारको प्रभाव यति धेरै छ कि यसले संस्कार र संस्कृतिको रूप लिन थालेको छ। भ्रष्टाचार विनाको निकायको कल्पना गर्न गाह्रो छ। भ्रष्टाचारकै कारणले सार्वजनिक क्षेत्रले अपेक्षित परिणाम दिन सकेको छैन। भ्रष्टाचार विरुद्ध कारबाही हुने गरेको देखिन्छ; तर अपर्याप्त। आमसञ्चारमा भ्रष्टाचारको आलोचना खुबै हुने गरेको छ।

चुनावी घोषणापत्र वा राजनीतिक दलहरूद्वारा व्यक्त गरिने प्रतिबद्धताहरूमा भ्रष्टाचारविरोधी संकल्प ग्रहण गरिएको देखिन्छ। सरकारले भ्रष्टाचारप्रति शून्य सहनशीलताको वाचा पटक-पटक गर्दछ। तर, भ्रष्टाचारको निदानको कुरा त के, भ्रष्टाचारको रोकथामसम्म पनि हुन नसकिरहेको अवस्था छ।

फलत: भ्रष्टाचार मुलुककै लागि सर्वाधिक ठूलो चुनौती बनेको छ। भ्रष्टाचारलाई देशले निल्ने कि भ्रष्टाचारले नै देशलाई निल्ने यक्ष प्रश्न निरुत्तरित रहेको अवस्था छ। यस्तो अवस्थामा अन्तर्राष्ट्रिय जगतमा देशको वित्तीय साखमाथि प्रश्न उत्पन्न भएको छ।

सम्पत्ति शुद्धीकरण र वित्तीय अपराध नियन्त्रणमा न्यूनतम सुधारका काम हुन नसक्दा नेपाल नकारात्मक सूची (ग्रे लिस्ट) मा पर्ने जोखिम देखिएको छरु सम्पत्ति शुद्धीकरण मामिलामा निगरानी राख्ने अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) अन्तर्गतको एशिया प्रशान्त समूह (एपीजी) ले नेपाललाई नकारात्मक सूचीमा राख्न गत माघमै प्रतिवेदन दिएको थियो।

त्यसयता उक्त जोखिमबाट बच्न नेपालले प्रारम्भिक काम ऐन कानुन निर्माण र ती कार्यान्वयन गर्ने निकाय स्थापना गर्न नसकेकाले अब 'ग्रे लिस्ट' मा पर्ने निश्चित जस्तै भएको समाचारमा आएको छ। हुनत ग्रे लिस्टबाट जोगिन सक्ने म्याद एक वर्ष फेरि पनि थपिनसक्ने चर्चा छ। तर आउने एक वर्षमै पर्याप्त सुधार हुनसक्ने कुरामा भर पर्न सकिदैन।

तर सरकारले दृढता देखाएर काम गर्न सक्यो भने सुधारका थप म्याद पुन: विस्तार गर्न सकिनेछ। किनभने नेपाल बिग्रेर जाओस् भन्ने चाहना कसैको पनि छैन; सुध्रेर जाओस् भन्ने कामना सबैको छ। तर हामी नेपाली नै हौं कि पटक-पटक भीरमा पुगेर होश गुमाउने गर्दछौं।

एफएटीएफको 'ग्रे लिस्ट' मा परेको कुनै पनि देशलाई विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक लगायतले ऋण तथा आर्थिक सहायता नियन्त्रण गर्ने, अनुदान र सहायता बन्द गर्ने जोखिम रहन्छ। त्यसपछि पनि सुधार नभए देश कालोसूचीमा जाने र त्यसको प्रभाव आर्थिक तथा वित्तीय कारोबारमा कडाइ हुनेछरु। नकारात्मक सूचीमा परेको देशबाट अन्तर्राष्ट्रिय बैंकिङ कारोबारमा नियन्त्रण र प्रतीतपत्र कारोबार गर्न कठिनाइ हुने मात्र नभई त्यहाँबाट समग्र अर्थतन्त्र नै पतनको बाटोमा अग्रसर भएर जानेछ।

यसअघि आर्थिक वर्ष २०६६/६७ मा पनि नेपाल ग्रे लिस्टको जोखिममा रहेको र तत्कालीन सरकारले बलियो कूटनीतिक पहल, कानुन निर्माण र कार्यान्वयनको प्रतिबद्धता मार्फत उक्त जोखिमबाट जोगाएको थियो। तर सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार काम नगरेकाले नेपाल 'ग्रे लिस्ट' को अन्तिम विन्दुमा पुगेको छ।

नेपाल हाल विभिन्न ६ वटा कारणले 'ग्रे लिस्ट' सूचीको किनारमा पुगेको हो। तीमध्ये दुई कानुन र कानुन कार्यान्वयन संस्था स्थापना सम्बन्धी छन् भने बाँकी ४ वटा नीति कार्यान्वयन, सुपरीवेक्षण र अनुसन्धानसँग सम्बन्धित।

यसअघि सन् २०१४ मै पहिलो पटक नेपाल कालोसूचीमा पर्नबाट जोगिएको थियोरु। पटक-पटक प्रतिबद्धता मात्र गर्दा अन्तर्राष्ट्रिय निकायले पनि विश्वास गर्ने आधार गुम्ने भएकाले यस पटक नेपाल कालोसूचीमा पर्ने सम्भावना प्रबल बन्दै गएको छ।

यद्यपि एफएटीएफको नीतिगत क्षेत्रमा आतंकवाद, हुण्डी आदि अन्य विषय पनि छन् तर आधारभूत रूपमा हेर्ने हो भने मुलुकमा विद्यमान भ्रष्टाचारको अवस्था नै जरो कारणको रूपमा रहेको अवस्था छ।

भ्रष्टाचारको मूल सार्वजनिक क्षेत्रमा गडेको छ। राजनीतिक भ्रष्टाचारको भान्सा (किचेन क्याबिनेट) पनि सार्वजनिक क्षेत्रको भ्रष्टाचार नै हो। यहींबाट भ्रष्टाचारको लहरो देशभरि फिंजिएको छ। सरकारी जागिरदारहरूमा भ्रष्टाचार रोक्नको निम्ति कडा कारबाही गर्न १ असार २०१० देखि लागू हुने गरी नेपाल भ्रष्टाचार निवारण ऐन तथा नियम, २००९ को व्यवस्था गरियो।

२०१० सालमा भ्रष्टाचारको कसुरमा कारबाही गर्न भ्रष्टाचार निवारण विभागको स्थापना भयो। २०१३ सालमा नेपाल भ्रष्टाचार निवारण ऐन तथा नियम, २००९ लाई खारेज गरी राष्ट्रसेवकहरूको (भ्रष्टाचार निवारण) ऐन, २०१३ लागू गरियो।

राष्ट्रसेवकहरूमा घुस र भ्रष्टाचार सफलतापूर्वक रोक्नको निम्ति बढी मात्रामा सफल हुने व्यवस्था गर्न आवश्यक परेकोले राष्ट्रसेवकहरूको (भ्रष्टाचार निवारण) ऐन, २०१३ ल्याइयो। ततपश्चात् राष्ट्रसेवकहरूको (भ्रष्टाचार निवारण) नियम, २०१५ को व्यवस्था भएको थियो। राष्ट्रसेवकहरूको (भ्रष्टाचार निवारण) ऐन, २०१३ अन्तर्गत विशेष पुलिस विभागको स्थापना गरिएको थियो।

बदलिंदो परिस्थिति र आवश्यकता अनुरूप मुलुकको सार्वजनिक प्रशासनमा राष्ट्र सेवकको सदाचार कायम राख्न ल्याइएको भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत विशेष प्रहरी विभाग गठन गरिएको थियो। विशेष प्रहरी विभाग 'भ्रष्टाचार निवारण ऐन, २०१७' को प्रावधान अनुसार स्थापना भएको थियो। त्यतिबेला विशेष प्रहरी विभाग गृह मन्त्रालय मातहतको अंग थियो।

विशेष प्रहरी विभाग राज्यको निकै शक्तिशाली निकाय थियो। अख्तियारको स्थापनापूर्व नै भ्रष्टाचार निवारण ऐन बनाएर विशेष प्रहरी विभागले त्यसको कार्यान्वयन गर्दै आएको थियो। विशेष प्रहरी विभागको जिम्मेवारी भ्रष्टाचार नियन्त्रण गर्ने थियो।

त्यसैले मानिसलाई समात्ने, थुन्ने, अनुसन्धान र कारबाही गर्ने कार्य विभागबाट हुने गर्थ्यो। विशेष प्रहरी विभागमा छुट्टै ढंगले नियुक्ति हुने गर्दथ्यो। विशेष प्रहरी विभागको दरबन्दी निजामती र राजदरबारबाट निर्धारण हुने गर्थ्यो। त्यसले भ्रष्टाचार निवारणमा काम गर्दै आएको थियो।

विशेष प्रहरी विभागमा विशेष अधिकृतको व्यवस्था गरेर काम हुने गर्थ्यो। त्यसमा प्रहरी र निजामती कर्मचारीहरू हुन्थे। विभागको प्रमुख नेपाल सरकारका सचिव हुन्थे। विशेष प्रहरी विभाग २०६२ साल असार ३ गतेको मन्त्रिपरिषद्को निर्णयबाट विघटन भएको हो। विशेष प्रहरी विभागको काम अहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्ने प्रकृतिकै थियो।

भ्रष्टाचार नियन्त्रणका लागि नेपालमा संवैधानिक निकायको रूपमा २०३२ सालमा तत्कालीन अख्तियार दुरुपयोग निवारण आयोगको व्यवस्था भयो। २०३४ सालमा जुनसुकै राजनेता र राष्ट्रसेवकलाई भ्रष्टाचार विरुद्धको कारबाहीको दायरामा ल्याउन अख्तियार दुरुपयोग निवारण आयोग नियमावली, २०३४ ल्याइयो। ऐन विनाको यो नियमावलीले आयोगलाई मुद्दा खडा गर्ने, अनुसन्धान गर्ने र कारबाही किनारा गर्ने अधिकार प्रदान गरेको थियो।

आयोगलाई यस्तो अधिकार

वांकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

## दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

## एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरिसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

## अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

## प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# इन्सेकद्धारा कारागार कार्यालय खाँदवारी, सङ्खवासभामा दुईजना कैदीको मृत्यु भएको घटनाको स्थलगत अध्ययन प्रतिवेदन सार्वजनिक

विराटनगर । कारागार कार्यालय, खाँदवारी, सङ्खवा सभामा दई जना कैदीको मृत्यु भएको घटनको स्थलगत अध्ययन प्रतिवेदन तयार गरी विहीवार पत्रकार सम्मेलन गरी इन्सेक कोशी प्रदेश प्रमुख सोमराज थापाले सार्वजनिक गर्दै सो घटनामा सुरक्षाकर्मीकै निर्मम यातनापछि मृत्यु भएको भन्दै सो घटनामा सुरक्षाकर्मीकै संलग्नता देखिएको वताएका थिए ।

**सो घटनाको विस्तृत अध्यनको सारांश**

खाँदबारी नगरपालिका-१ मा रहेको जिल्ला कारागारबाट २०८० साउन २४ गते बिहान १ बजेर ३० मिनेट गएको समयमा १९ वर्षीय कैदी बिनोद तोलाङ्गी र २८ वर्षीय आकाश बलामी भाग्न खोजे । शौचालयको झ्यालको रड काटी भाग्न खोज्दा दुवै जनालाई कारागार सुरक्षामा खटिएका सुरक्षाकर्मीले नियन्त्रणमा लिए । नियन्त्रणमा लिने क्रममा प्रहरीले कुटपिट गर्‍यो । प्रहरीले कुटपिट र यातना दिएको कारागार नजिक घर भएका स्थानीयले सुनेका थिए ।

"कैदी चिच्याएको, मरे मरैं भन्दै कराएको र कुटकुट, खुट्टामा हान' भनेको सुनेको स्थानीयले बताए । २४ गते राति साढे १ बजेदेखि २ बजेसम्म कारागारमा होहल्ला भएर शान्त भयो । बिहान ४ बजे कारागारका दुई जना कैदी अर्धचेत अवस्थामा भेटिएको भन्दै कारागार प्रशासनले बिहान ५ बजे उपचारका लागि विनोद र आकाशलाई जिल्ला अस्पताल पुण्यायो । जिल्ला अस्पतालमा पुयाउँदा आकाश बलामीको मृत्यु भइसकेको र बिनोद तोलाङ्गीको ढुकढुकी मात्र बाँकी रहेको अस्पतालका चिकित्सकले बताए ।

पीडित परिवारले साउन २४ गते शव हेर्दा शरीरभरी नीलडाम भएको, मुखमा कालो रगतको टाटा देखिएको, मुख बाएको, गोलीगाँठामा तिखो वस्तुले घोपेको, नली खुट्टामा रडले हिर्काएको र तीघ्रादेखि ढाडसम्म कुनै गह्रौं वस्तुले हिर्काएको जस्तो देखिएको बताए । कारागारभित्रको सिसिटिभी फुजेटमा कैदीलाई यातना दिएको प्रहरीले सार्वजनिक गरेको प्रेस विज्ञप्तिमा प्रहरीले कुटपिट गरेको स्वीकार गरेको, प्रत्यक्षदर्शीको भनाइ, पीडित परिवारको भनाइ चिकित्सकको भनाइका आधारमा दुई जना कैदीको मृत्यु पहिलो चरणमा कारागारका सुरक्षाकर्मीको चरम यातना र दोस्रो चरणमा कारागारभित्रका नाइके, भाइनाइकेको कुटपिटबाट भएको स्थलगत अनुगमनका क्रममा पाइएको छ ।

यसर्थ घटनामा संलग्न रहेका सुरक्षाकर्मीहरू, नाइके, भाइनाइके तथा अन्य कैदीबन्दीलाई अनुसन्धानको प्रक्रियामा ल्याउन, कारागारभित्रको आन्तरिक प्रशासन र नियममा सुधार गर्न घटनाको निष्पक्ष र वस्तुनिष्ठ छानविन गर्न कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी नराख्ने व्यवस्था मिलाउनु जरुरी देखिएको छ ।

घटना मिति २०८० साउन २४ गते, स्थलगत अध्ययन मिति २०८० साउन २६ गतेदेखि साउन २८ गतेसम्म

स्थलगत अध्ययन टोलीको नामावली

१. सोमराज थापा, प्रदेश संयोजक, इन्सेक कोशी प्रदेश कार्यालय, विराटनगर

२ पुण्यप्रसाद अधिकारी, प्रलेख अधिकृत, इन्सेक कोशी प्रदेश

३. कृष्ण बास्कोटा, पत्रकार तथा अधिकारकर्मी, सुनसरी

४. भविन कार्की, सङ्खुवासभा जिल्ला प्रतिनिधि, इन्सेक

**पृष्ठभूमि**

सङ्खुवासभा जिल्लाको खाँदबारी नगरपालिका-१ स्थित हस्पिटल गेटमा रहेको जिल्ला कारागारका कैदी सङ्खुवासभा मादी नगरपालिका-५ का १९ वर्षीय विनोद तोलाइगी र नुवाकोट जिल्ला, ककनी गाउँपालिका-७ का स्थायी घर भई हाल खाँदबारी नगरपालिका-९ तुम्लिङटारका विकास श्रेष्ठ भनिने २८ वर्षीय आकाश बलामीको ०८० साउन २४ गते कारागारभित्र मृत्यु भएको घटना सार्वजनिक भएपछि सो घटनाको अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) कोशी प्रदेश कार्यालय, विराटनगरले २०८० साउन २६ गतेदेखि साउन २८ गतेसम्म स्थलगत अनुगमन र अध्ययन गर्‍यो । जिल्ला कारागार, जिल्ला सुरक्षा समिति अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी, कारागार प्रशासन प्रमुख जिल्ला प्रहरी कार्यालयका डिएसपी, पीडित परिवार, अधिकारकर्मी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, पत्रकार, राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालयको अनुगमन टोली र गृह मन्त्रालयद्वारा गठित छानविन समितिका संयोजक र सदस्यलगायत सरोकार वालासँग छलफल गरी यो प्रारम्भिक प्रतिवेदन तयार गरिएको हो । भाग्न लागेका कैदीलाई नियन्त्रणमा लिने क्रममा कारागार सुरक्षामा खटिएका प्रहरीले निर्घात कुटपिट गरेको प्रहरीको स्वीकारोक्ती, केन्द्रीय छानविन समिति र राष्ट्रिय मानव अधिकार आयोगको टोलीले सिसिटिभी फुटेज (क्लोज सर्किट फुटेज) क्यामेरामा देखेको कुटपिट गरिएको दृष्य, प्रत्यक्षदर्शीको भनाइ शवको



प्रकृति हेर्दा प्रहरीको यातनाबाट दुईजना कैदीको मृत्यु भएको भन्न सकिने आधार भेटिएका छन् ।

**घटना विवरण**

खाँदबारी नगरपालिका-१ स्थित हस्पिटल गेटमा रहेको जिल्ला कारागारमा चोरी मुद्दामा कैद सजाय भुक्तान गरिरहेका मादी नगरपालिका-५, सङ्खुवा सभाका १९ वर्षीय विनोद तोलाङ्गी र बलात्कार मुद्दामा सजाय भुक्तान गरिरहेका नुवाकोट जिल्ला, ककनी गाउँपालिका ७ का २८ वर्षीय आकाश बलामीको ०८० साउन २४ गते कारागारमा मृत्यु भयो । साउन २४ गते बिहान १ बजेर ३० मिनेट गएको समयमा विनोद र आकाश बलामी आफू बस्ने ब्लकमा रहेको शौचालयको चुकुल लगाई रह काटी भाग्ने प्रयास गरेको आरोपमा कारागारका सुरक्षा कर्मीले नियन्त्रणमा लिए । नियन्त्रणमा लिने क्रममा सुरक्षाकर्मीले केही थप्पड हिर्काएको र कारागारभित्र बुझाएको कारागार प्रशासन प्रमुख राजेन्द्र घिमिरेले इन्सेक अनुगमन टोलीलाई बताए। साउन २४ गते बिहान २ बजे कारागारभित्र बुझाइएका विनोद तोलागी र आकाश बलामी अर्धचेत भएको खबर बिहान ५ बजेर ३० मिनेट गएको समया पुनः कारागारबाट प्राप्त भएपछि कारागार आएर दुवै जनालाई उपचारका लागि जिल्ला अस्पताल लगेकोमा जिल्ला अस्पताल पुयाइएको केही समयमा नै दुवै जनाको मृत्यु भएको थियो ।

साउन २४ गते बिहान १ बजेर ३० मिनेटको समयमा कारागारभित्र कर्मचारीसहित सुरक्षाकर्मीले दुई जनालाई निर्घात कुटपिट गरेको प्रत्यक्षदर्शी खांदबारी नगरपालिका-१ की ३८ वर्षीया शारदा न्यौपाने बजगाईले इन्सेक प्रतिनिधिसँग बताइन् । जिल्ला कारागारभन्दा झण्डै २० मिटरको दूरीमा घर भएकी प्रत्यक्षदर्शी शारदाले भनिन् "खुट्टामा हान, कुटकुट अझै कुट भन्दै कुटपिट गरेको, मरें मरे आमाआमा भन्दै चिच्याएको सुनेपछि ट्राफिक प्रहरीलाई खबर गरेको, के हो किन कुटपिट गरेको भनि सोध्दा कारागारको ट्वाइलेटको झयाल काटी भारत लागेकाले सजाय दिएको भनेको र भारत लाग्यालाई अलिअलि सजाय दिए होलान् भन्ने भयो, एकपछि शान्त भयो" ।

घटनाकासम्बन्धमा साउन २४ गते बिहान ६ बजेर ३० मिनेटमा जिल्ला कारागारबाट फोन आएको प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले इन्सेक टोली समक्ष बताए । घटना राति भएको भनिए पनि मलाई बिहान ६ बजेर ३० मिनेटमा मात्र खबर आयो । घटनाका विषयमा साउन २४ गते विहान ६ बजेर ७ मिनेटमा जिल्ला अस्पतालबाट उपचारका क्रममा दुई जना कैदीको मृत्यु भएको फोन आएको जिल्ला प्रहरी कार्यालयका डिएसपी वीरेन्द्र गोदारले अनुगमन टोलीलाई बताए । आफूलाई बिहान ६ बजे कारागारका दुई जना कैदीको मृत्यु भएको फोन आएको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेले अनुगमन टोनीलाई बताए ।

साउन २४ गते बिहान २ बजे घटना भएको भए पनि जिल्ला कारागारबाट आफूलाई बिहान ९ बजेमात्र भाइ विनोद तोलागीको उपचारका क्रममा मृत्यु भएको भनेर फोन आएको २८ वर्षीया दिदी भीमा रम्तेलले इन्सेक प्रतिनिधिलाई बताइन् । भाइको शव हेर्न खोज्दा प्रहरीले नदिएपछि पीडित परिवारले मात्र शव हेर्दा गोली गाँठामा किलाले रोपिएको, शरीरभरी जथाभावी कुटपिटका कारण नीलडाम भएको, मुखबाट कालो रगत बगेको देखिएकाले प्रहरीले नै कुटपिट गरी हत्या गरी दिनों गरी खबर दिएको रीता रम्तेलले अनुगमन टोलीलाई बताइन् । घटनापछि तत्काल शवको पोष्टमार्टम गर्ने तयारी गरेपछि पीडित परिवारले शव बुझ्न अस्वीकार गरे। घटनाको छानविनका लागि साउन २४ गते सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेको संयोजकत्वमा तीन सदस्यीय छानविन समिति गठन गरियो । सोही दिन गृह मन्त्रालयले कारागार व्यवस्था विभागका निर्देशक कमलप्रसाद पाण्डेको संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति गठन गयो । छानविन समितिमा नेपाल प्रहरीका डिएसपी कौशलकुमार बुढाथोकी, राष्ट्रिय अनुसन्धानका डिएसपी कुमार बुढाथोकी, कानून अधिकृत हुन खडका र जिल्ला प्रशासन कार्यालय सङ्खुवासभाका प्रशासकीय अधिकृत भोगेन्द्र श्रेष्ठ छन् । छानविन समितिले साउन २६ गतेदेखि साउन २९ गते जिल्लामा घटनाका विषयमा स्थलगत अनुगमन गर्यो ज्ञ छानविन समिति गठन भएको मितिले १० दिनभित्र प्रतिवदेन बुझाउने गरी छानविन गरिएको छानविन समितिका संयोजक कमलप्रसाद पाण्डेले बताए। सोही घटना छानविनका लागि कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगरमा एसपी ऋषिराम कँडेलको संयोजकत्वमा चार सदस्यीय प्रदेशस्तरीय छानविन समिति गठन गरियो। समितिको सदस्यमा इन्स्पेक्टर जितेश दाहाल, सई रूद्रबहादुर खड्का र प्रहरी हवल्दार तीर्थ भट्टराई छन् । सो समितिले साउन २५ गते देखि जिल्लामा घटनाको स्थलगत अनुगमन र अध्ययन गर्‍यो । साउन २५ घटनाका विषयमा साउन २६ गते जिल्ला प्रशासन कार्यालयमा सर्वपक्षीय छलफल भयो । छलफलमा साउन २६ गते पीडितको तर्फबाट प्रहरीमा जाहेरी दिने, जिल्ला अस्पतालको समन्वयमा साउन २७ गते शवको पोष्टमार्टम गर्ने, जाहेरी प्राप्त हुनासाथ तोकिएको व्यक्तिलाई कारबाही अघि बढाउने र सार्वजनिक गर्ने, शवको पोष्टमार्टमपछि पीडित परिवारले शव बुझ्ने र कारागारको घटना भएको हुँदा पीडितलाई क्षतिपूर्तिका लागि पहल गर्ने सहमति भयो ।

सहमति बमोजिम साउन २७ गते कारागार सुरक्षाका प्रमुख असई लक्ष्मी चौधरी र कारागार प्रशासक प्रमुख राजेन्द्र घिमिरेविरूद्ध पीडित परिवारले साउन २७ गते प्रहरीमा उजुरी दर्ता गरायो। पीडित परिवारका प्रकाश तोलाङ्गीले यातना र ज्यानसम्बन्धी कसुरमा असई लक्ष्मी चौधरीसमेत र कारागार प्रमुख राजेन्द्र घिमिरेसमेत गरी उजुरी दर्ता गराए । जिल्ला प्रहरी कार्यालयले साउन २७ गते कारागार कार्यालय, सङ्खुवासभा खाँदबारीमा भएको कैदीबन्दीहरूको मृत्युबारे प्रकाशन गरेको विज्ञप्तिमा २० वर्षीय विनोद तोलाङ्गी र २० वर्षीय विकास श्रेष्ठ भनिने आकाश बलामी आफू बस्ने तल्लो तलाको ब्लकको झ्यालको रड काटी भाग्दै गरेको अवस्थामा कारागारको सुरक्षामा रहेका प्रहरीले नियन्त्रणमा लिने क्रममा कुटपिट गर्दा सख्त घाइते भएको उल्लेख छ ।

साउन २६ गते सर्वपक्षीय भेलामा भएको सहमति अनुसार घटनामा संलग्न भएका १० जना प्रहरीलाई सार्वजनिक नगरिएको र उनीहरूविरूद्ध प्रहरीले उजुरी नलिएको भन्दै साउन २७ गते पीडित परिवारले शवको पोष्टमार्टम गर्न अस्वीकार गरे । जिल्ला अदालतमा साउन २७ गते कारागार सुरक्षाका प्रमुख असई लक्ष्मी चौधरी र कारागार प्रशासन प्रमुख राजेन्द्र घिमिरेविरूद्ध यातना र ज्यानसम्बन्धी मुद्दामा जिल्ला अदालत, चैनपुरबाट साउन २८ गतेदेखि लागु हुने गरी पाँच दिनका लागि म्याद थप भएपछि प्रहरीले लक्ष्मी चौधरीलाई सोही दिन गिरफ्तार गयो । राजेन्द्र घिमिरे सम्पर्कविहीन भएको र खोजी जारी रहेको प्रहरीले जनायो । प्रहरीले घटनामा संलग्न अन्यलाई कमशः कानुनी कारवाहीमा ल्याउने जनाएपछि कोशी अस्पताल, विराटनगरका विशेषज्ञ डाक्टर आकाश लिम्बूको टोलीले साउन २८ गते शवको पोष्टमार्टम गयी। साउन २९ गते पीडित परिवारले विनोद तोलाङ्गीको मादी नगरपालिका-६ स्थित पिलुवामा खोला र आकाश बलामीको खाँदबारी नगरपालिका-९ मनकामनामा सद्गत गरे ।

पीडित परिवारको भनाइ प्रकाश तोलागी, ३० मृतक विनोदका दाजु मादी नगरपालिका-५ फलेवासभा

कारागारबाट ९८५२०७०७७७ नम्बरको मोबाइलबाट २०८० साउन २४ गते बिहान अन्दाजी ८ बजेर २५ बजे मलाई फोन आयो । फोनमा 'तपाईंको भाइको मृत्यु भयो, नास बुझ्नु आउनु होला' भनियो मलाई विश्वास भएन । हामीले सिडिओ र डिएसपीलाई भेट्यौं। उहाँहरूले 'कैदीबन्दीको एकआपसको झडपका क्रममा भाइको मृत्यु भएको' बताउनु भयो । तर, राति 'कारागारमा पुलिसले मान्छे कुटेको र रोइरहेको आवाज सुनिएको थियो भन्ने हल्ला बजारभर व्याप्त भइसकेको रहेछ। हामीलाई कारागारभित्र जान दिएनन्। भाइको लास जिल्ला अस्पतालमा छ भनेपछि हेर्न जाँदा 'मुख माएको, गालामा कालो रगतको दाग, खुला आँखा, शरीरभर नीलडाम, गोलीगाँठामा सियोले रोपेजस्तो खतर नलीखुट्टामा रडले हिर्काएको जस्तो देखें । ढाडदेखि तीघ्रासम्म कुनै ठूलो वस्तुले हिर्काएको जस्तो देखिन्थ्यो, लुगामा दिसासमेत देखियो प्रहरीले यातना दिएर भाइको हत्या गयो

खुलमाया तोलागी, ५९ मृतक विनोदकी आमा मादी नगरपालिका-५, फलेदे, सखुवासभा

साउन २४ गते बिरामी भई जिल्ला अस्पतालमा उपचारका क्रममा छोराको मृत्यु भएको छोरीले मलाई सुनाइन् । दुई दिनअघि 'स्वास्थ्य राम्रो छ आमा' भनेको छोरा, अर्धचेत भई लडेको र जिल्ला अस्पतालमा उपचारका क्रममा मृत्यु भएको भन्ने कुरा फुट हो । प्रहरीले कुटेर मारे अनि बिरामी भएको भने, मान्छे मार्ने

वांकी ४ पेजमा...

## इन्सेकद्धारा...

पुलिस र सबै मिलेका छन् ।

भीमा रम्तेल, २८ मृतक विनोदको दिदी चैनपुर नगरपालिका-७ रातमाटे

साउन २४ गते बिहान २ बजे भाइलाई पुलिसले कुटेर मारेका रहेछन्। मैले दुई दिनअघि भाइसँग कुराकानी गरेको थिए । भाइले सबै राम्रो छ भनेको थियो । साउन २४ गते बिहान ९ बजेतिरमात्रै मलाई फोन आयो, विहान ४ बजे नै भाइलाई मारेका रहेछन् । विनोद तोलाङ्गी अर्धचेत भएको र जिल्ला अस्पतालमा उपचारका क्रममा मरेको भनेर खबर दिइयो । हामीले पत्रकारसहित लास हेर्न खोज्दा दिएनन् । त्यसपछि हामी पीडितले मात्र लास न्यौ । मुखबाट कालो रगत बगेको, शरीरभर नीलडाम भएको, गोलीगाठामा केहीले छेडेको जस्तो देखियो । भाइलाई कारागारमा रहेका पुलिसले कुटेर मारेका हुन् ।

रमेश बलामी, ३४ मृतक आकाश बलामीका दाजु ककनी गाउ पालिका-७ नुवाकोट

हामी सबैभन्दा ठूलो पीडामा परेको मान्छे हो। हत्यारालाई सबैभन्दा पहिले सार्वजनिक गरिनु पन्यो र त्यसपछाडि मात्रै जबसम्म हत्यारालाई सार्वजनिक हुँदै तबसम्म अरु कारवाही अघि नबढाउनु । यति निर्मम तरिकाले हत्या गरिएको छ कि, मेरो भाइलाई कुटेर मारेको हो। प्रहरीले कुटेर मारेको हो । शवलाई जो कोहीले हेर्न सक्दैन । जउभरी यति धेरै घाउचोट छन् कि, कसैले हेर्न सक्दैन, मेरो भाइलाई पशु जसरी कुटेर मारिएको छ, यति धेरै कुटिएको छ कि पाइपले हानेको हो कि खै के के ले हानेको हो, जिउभरी नीलडाम चोट छ । हत्या मात्र नभएर पशु सरह मेरो भाइको हत्या गरिएको छ ।

सञ्जीव कार्की, मृतक आकाश बलामीका छिमेकी ककनी गाउ"पालिका-७ नुवाकोट

प्रहरीले कुटपिट गरी हत्या गरेको लास हेर्दा थाहा भयो । अति निर्मम तरिकाले कुटपिट गरी मारिएको छ । दोषीलाई कारबाही र पीडित परिवारले क्षतिपूर्ति पाउनु पर्छ। आकाशको शरीरभरी चोटपटक मात्र छ ।

शारदा न्यौपाने बजगाई, ३८ प्रत्यक्षदर्शी, खांदबारी नगरपालिका-१

साउन २४ गते राति साढे १ बजेतिर कारागारबाट मरे मरे भनेर चिच्याएको सुनें, खुट्टामा हान, कुटकुट भनेको सुनें, मरेमरे चिच्याएको सुनेपछि एक जना ट्राफिक भाइलाई कारागारभित्र के भएको किन मान्द्रे कुटिरहेका छन् भनेर सोधें । कैदी ट्वाइलेटको रूपाल काटेर भारत लागेकाले सजाय दिएको रे भन्नुभयो । दुई बजेतिर पूरे शान्त भयो । पहिले पनि कहिलेकाहीँ कुटपिट गरेको सुनिन्थ्यो, मेरो घरबाट देख्न त देखिदैन तर सबै सुनिन्छ । भाग्न लागेकाले केही सजाय दिएर बन्क्याए होलान् भन्ने लाग्यो । बिहान त दुई जना कैदी मरे भन्ने हल्ला सुनें । मैले राति चिच्याएको सुने अनुसार त कुटेरै मरेका हुन् दुवै जनालाई ।

सरोकारवालाको भनाइ

कमलप्रसाद पाण्डे, संयोजक गृह मन्त्रालयद्वारा गठित छानविन समिति कारागार व्यवस्थापन विभाग, निर्देशक

राज्यको नियन्त्रण र सुरक्षाभित्र रहेका कैदीबन्दीको मृत्यु घटनामा राज्य संवेदनशील छ । घटनामा भएका प्रमाणहरू नष्ट नहुन्, दोषीले सजाय र पीडितले न्याय पाउने विषयलाई गृह मन्त्रालयले साउन २४ गते मेरो संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति बनाएको छ । जिल्ला प्रशासनले बनाएको छानविन समितिसँग समन्वय गरेर काम गरिरहेका छौं। छानविन समितिले १० दिनभित्र प्रतिवेदन बुझाउन समय दिएको छ । घटनाको विषयमा साउन २५ गते गृह मन्त्रालयले आदेश दिएपछि साउन २६ गतेदेखि हामीले घटनाको अनुगमन र निरीक्षण गरिरहेका छो घटना हेर्दा राज्यको नियन्त्रणमा रहेका कैदीबन्दीलाई यातनाका कारण मारिएको आधार भेटिएका छन् । अहिले तत्काल छानविन समिति र राज्यलाई विश्वास गर्न आवश्यक देखिन्छ । मेरो नेतृत्वको छानविन समितिले निष्पक्ष र वस्तुनिष्ठ छानविन गर्ने भएकाले दोषीलाई कारवाही र पीडित परिवारले न्याय पाउने विषयमा सबैले राज्यलाई विश्वास गर्न आवश्यक छ । घटनाको अनुगमन गरी प्रमाण सङ्कलन, घटनासँग जोडिएका सबै पक्षसँग भेटघाट गरी विवरण सङ्कलन गरिएको छ । अब समितिले सोही बमोजिम कारबाही अघि बढ़ाउने छ ।

शिवकुमार कार्की, प्रमुख जिल्ला अधिकारी, सङ्खुवासभा

साउन २४ गते विहान ५ वजेर ३० मिनेटमा उपचारका क्रममा जिल्ला अस्पतालमा दुई जना कैदीको मृत्यु भएको सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेले फोनमार्फत जानकारी गराउनु भयो । त्यसपछि पीडित परिवारलाई जानकारी गराइयो । घटनाका विषयमा कारागार प्रमुख राजेन्द्र घिमिरे र डिएसपी वीरेन्द्र गोदारसँग थप बुझने काम गरे । सोही दिन सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेको संयोजकत्वमा तीन सदस्यीय छानविन समिति गठन गरिएको छ । केन्द्रीय छानविन समिति र प्रदेशस्तरीय छानविन समिति बनाइएकोले हाल समितिले आवश्यक अनुसन्धान र घटनाको विषयमा काम गरिरहेको छ । दोषीलाई कारबाही र पीडित परिवारलाई न्याय दिलाउने हाम्रो मुख्य जिम्मेवारी हो ।

मोहनमणि घिमिरे सहायक प्रमुख जिल्ला अधिकारी, सखुवासभा

२०८० साउन २४ गते कारागारमा राति साढे १ बजेदेखि साढे २ बजेको समयमा घटना भएको मेरो जानकारीमा छ । मलाई साउन २४ गते बिहान साढे ५ बजे आसपासको अवधिमा कारागारबाट फोन आयो । मैले सोही बेला घटनाका विषयमा सिडिओ सावलाई जानकारी गराए । घटनाका विषयमा तत्काल छानविनका लागि मेरो संयोजकत्वमा तीन सदस्यीय छानविन समिति गठन गरिएको छ। मेरो नेतृत्वको टोलीले घटनाका विषयमा कारागार, प्रहरी, जिल्ला अस्पताल लगायतसँग सूचना लिने काम गर्दै थियो । सोही दिन गृह मन्त्रालयले केन्द्रीयस्तरको छानविन समिति गठन गरेपछि हामीले समन्वय र सहजी करणका माध्यमले काम गरिरहेका छौं। कारागारबाट कैदी भारत खोज्दा नियन्त्रणमा लिने क्रममा सुरक्षा निकायबाट कुटपिट र पछि कारागारभित्र बुझाउँदा थप कुटपिट भएको बुझिन्छ । मरेका दुवैजनाको शरीरमा चोट देखिएकाले कुटपिटबाट मृत्यु भएको भन्न सकिन्छ । यो राज्यको नियन्त्रणमा भएको घटना र कारागारभित्र कोही कसैको प्रवेश नहुने भएकाले दोषीलाई कारबाही र पीडित परिवारले न्याय पाउने विषयमा त्यति धेरै आशङ्का गर्नुपर्ने अवस्था देखिदैन । कारागारभित्र मान्छे मनु संवेदनशील घटना हो ।

वीरेन्द्र गोदार, डिएसपी, जिल्ला प्रहरी कार्यालय, सङ्खुवासभा

जिल्ला कारागारको २०६० साउन २३ गते रातिको सुरक्षाको जिम्मेवारी असई लक्ष्मी चौधरीको थियो । साउन २४ गते बिहान ६ बजेर ७ मिनेट गएको समयमा मलाई जिल्ला अस्पतालबाट फोन आयो, कारागारका दुई जना कैदीको जिल्ला अस्पतालमा मृत्यु भएको जानकारी मैले फोनबाट पाए। सोही राति कारागारका दुई जना कैदीबन्दी शौचालयको रड काटी भाग्न खोजेको बिहान ४ बजे अर्धचेत अवस्थामा भेटिएका दुई जनालाई उपचारका लागि जिल्ला अस्पतालमा भर्ना गरिएकामा उपचारका क्रममा मृत्यु भएको मैले फोनमा जानकारी पाएको थिए । फोनलगत्तै मैले घटनाका विषयमा जानकारी लिंदा साउन २४ गते राति सुरक्षाकर्मीको केही कमजोरीका कारण घटना भएको देखिन्छ । घटनाका विषयमा छानविन समिति, राष्ट्रिय मानव अधिकार आयोगको टोली, इन्सेक, पत्रकार, नागरिक समाज, पीडित परिवारलगायत सबैलाई सबै प्राप्त गरेको सूचना दिएको छु । कारागार छुट्टै निकाय भएकाले सुरक्षाको जिम्मेवारी पदीय हिसाबले मेरो हो । केही कमजोरी सुरक्षाकर्मीबाट भयो । छानविनका लागि प्रहरी, गृहको टोली समेत छ । पीडित परिवारले न्याय र दोषीलाई कारवाहीका लागि मेरो भूमिका सदैव सशक्त रहनेछ । ममाथि पनि अनुसन्धान हुन्छ, त्यसमा मेरो सहयोग नै छ ।

राजेन्द्र घिमिरे, कारागार प्रशासक, जिल्ला कारागार खांदवारी, सङ्खुवासभा

मेरो सेवा अवधि समान्त हुन लागेकाने २०५० जेठ २९ गतेदेखि जिल्ला कारागार खाँदवारीको कारागारका प्रशासकको पदीय जिम्मेवारीमा छु । २०६० साउन २४ गते राति साढे १ बजेतिर कारागार सुरक्षा प्रमुख असई लक्ष्मी चौधरीले कारागारबाट दुई जना कैदी शौचालयको झ्यालको रड काटेर भारत लागेको बेला पक्राउ गरिएको फोनमा जानकारी गराउनु भयो । मैले ताजा अवस्था के छ भनेर उहाँलाई सोध्दा भित्र जिम्मा दिएको' भनेपछि म सुतें । म बिहान ५:३० बजे कारागार पुगें । दुवै जना कैदी बिरामी भएको र उपचारका लागि जिल्ला अस्पताल लगेको बुझेपछि म जिल्ला अस्पताल पुगेर पुन: कारागार फर्की आए । कैदीबन्दीका लागि फिल्टर लिन साउन २७ गतेसम्मको सम्बन्धित निकायबाट बिदा स्वीकृत गराएर म काठमाडौं गएको थिएँ। निर्धारित काम सकिएकाले साउन २३ गते नै जिल्ला फर्किए । सोही दिन धारा मिस्त्रीलाई फिल्टर जोइन बोलाएं। कैदीबन्दी बस्ने साइडबाट धारा जोड्नुपर्ने भएकाले हामी त त्यहाँ जाने कुरा भएन, म गइन । एक जना कैदीले मिस्त्रीलाई सहयोग गरे । शौचालयको रड काट्न के लगे त्यो थाहा भएन । भाग्ने क्रममा प्रहरीले नियन्त्रणमा लिंदा अलिअलि झापड लगाउनु स्वभाविक हो । तर, सुरक्षाकर्मीले यातना दिएर मारेको हो या कैदीबन्दीको प्रशासनभित्र मारिएको मलाई थाहा भएन। मलाई दोषी बनाएर प्रहरीमा उजुरी । परेको छ, म घटनामा संलग्न भएकाले जस्तोसुकै अनुसन्धानका लागि तयार छु । साउन २४ गते कैदीबन्दीले नौ जना प्रहरीलाई बाहिर ननिकाले एकआपसमा भिडेर मर्नेमाने धम्की दिएपछि नौ जना प्रहरीलाई बाहिर निकाल्यौं । अहिले छानविन र अनुसन्धान चलिरहेको छ । कारागारभित्र केही कमीकमजोरी भएकै हो ।

जीवन लिङथेप, मेयर मादी नगरपालिका, संखुवासभा

राज्यको नियन्त्रणमा रहेका र कारागारजस्तो सुरक्षित ठाउँमा कैदीबन्दीको मृत्यु हुनुमा सुरक्षाकर्मीको दोष छ । कुटीकुटी मान्छे मार्ने अनि बिरामी भयो, यो भयो त्यो भन्ने हिसाबले अब हुदैन । घटनाका विषयमा हामी पीडित पक्ष राज्यलाई सहयोग गर्न तयार छौं। तर, राज्यले बदमासी गर्न खोज्यो भने मेरो नेतृत्वमा मादी नगरपालिका जनताले सिडिओ सापको कार्यकक्ष घेर्नेछ । घटना छानविनका लागि समिति बनाइएका छन् । हामी त समितिमा विश्वास गर्छौं। तर कारागारभित्र मान्छेलाई कुटेको, छरछिमेकीले मारे मारे भनेको सुनेको, शरीरभरी निलडाम देखिएको प्रहरीले नियन्त्रणमा लिने क्रममा कुटपिट गरेको भनेपछि यातनाबाट कैदीबन्दी मारिएको विषयमा अब धेरै खोजीनीति आवश्यक भएन । अब तत्काल साउन २४ गते राति डियुटीमा खटिएका सुरक्षाकर्मी र पदीय जिम्मेवारीले कारागार प्रमुखलाई सजायको भागीदार बनाइनु पर्छ। पीडित परिवारलाई राज्यले न्यायसहित क्षतिपूर्ति दिनु पर्छ ।

सुरज पोखरेल, अहेब जिल्ला अस्पताल, सङ्खुवासभा

साउन २४ गते बिहान जिल्ला अस्पतालमा म डाक्टर आस्था श्रेष्ठ, डाक्टर रामरूप यादव, रीमा चौधरी र अरू एक जना थियो । बिहान ५ बजे आकाश बलामीलाई अस्पताल उपचारका लागि कारागारबाट ल्याइयो । अस्पताल ल्याउँदा बलामीको मृत्यु भइसकेको थियो, त्यसको पांच, सात मिनेटपछि विनोद तोलाङ्गीलाई ल्याइयो, उसको चाहिँ हल्का ढुकढुकी थियो, तर अक्सिजन लेभल जिरो नै थियो हामीले उपचार सुरू गर्न लाग्दा लाग्दै उसको मृत्यु भयो । दुवै जनाको शरीरमा निलडाम प्रशस्त थियो, रगत बगेको, मुख बाएको र गोलीगाँठामा केहीले रोपेको जस्तो देखिन्थ्यो । दुवै जनाको मृत्यु कुटपिटबाट नै भएको हो ।

पवनकुमार भट्ट, राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश विराटनगर कार्यालय, निर्देशक

राज्यको नियन्त्रणमा र सुरक्षा घेरामा रहेका कैदीबन्दीको शङ्कास्पद मृत्यु घटना मानव अधिकार उल्लङ्घनको गम्भीर विषय भएकोमा सन्देह छैन । हामीलाई घटनाका विषयमा साउन २४ गते फोनमार्फत जानकारी प्राप्त भयो । साउन २५ गते साँझतिर मेरो नेतृत्वमा मानव अधिकार अधिकृत चीरञ्जीवी कोइराला सहितको आयोग टोली खाँदबारी आएर घटनाका विषयमा स्थलगत जानकारी लिने काम गन्यो । साउन २६ गते प्रमुख जिल्ला अधिकारीको संयोकत्वमा बसेको बैठकले केही निर्णय गरी प्रक्रिया अघि बढाएको छ । आयोगको अनुगमनका क्रममा केही घण्टाको अवधिमा कैदी बिरामी पर्ने, तत्काल मृत्यु हुने जस्ता विषय पाइयो । ती विषय भन्दा पनि मृत्युको कारण यातना नै हो। कारागारभित्र यातना दिएको अनुगमनका क्रममा पाइयो ।

उमेश पाण्डे प्रमुख अनुसन्धान अधिकृत, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सदखुवासभा

कारागारका दुई जना कैदीबन्दीको शङ्कास्पद मृत्यु घटनाका विषयमा अनुसन्धान, अनुगमनलगायत जारी छ । घटनाको प्रकृतिले सुरक्षा निकायबाट नियन्त्रणमा लिने क्रममा गरिएको हातपात र त्यसपछि कैदीबन्दीको प्रशासनले बुझेपछि थप यातना दिएको बुझिन्छ । मृत्यु भएका कैदीबन्दीको शरीरमा भएको चोटलगायतले यातनाबाट मृत्यु भएको देखिन्छ ।

निष्कर्ष

जिल्ला कारागार खाँदबारीमा कैदी भुक्तान गरिरहेका सङ्खुवासभाकै मादी नगरपालिका -५ का १९ वर्षीय विनोद तोलाङ्गी र नुवाकोट जिल्ला, ककनी गाउँपालिका ७ का स्थायी घर भइ हाल खाँदबारी नगरपालिका-९ तुम्लिङटारमा बस्दै आएका विकास श्रेष्ठ भनिने २८ वर्षीय आकाश बलामीको ०८० साउन २४ गते जिल्ला कारागारका सुरक्षाकर्मीको निर्मम यातनाका कारण मृत्यु भएको प्रशस्त आधार इन्सेकको स्थलगत अनुगमनका क्रममा देखिएको छ । साउन २६ गतेदेखि साउन २८ गतेसम्म इन्सेकले जिल्लामा घटनासँग जोडिएका सबै पक्षसँग भेटघाट गरी लिएको जानकारी तथा विवरणले पहिलो चरणमा कारागारभित्रका सुरक्षाकर्मी र दोस्रो चरणमा कैदीबन्दीको प्रशासनभित्रका नाइके, भाइ नाइकेले दुवै जना कैदीलाई चरम यातना दिएका कारण मृत्यु भएको प्रशस्त आधारहरू इन्सेकले अनुगमनका क्रममा पाइएको छ । राज्यको नियन्त्रणमा रहेका र राज्यको सुरक्षा गृहभित्र कैदीको कुटपिट गरी हत्या गरिनु गम्भीर मानव अधिकार उल्लङ्घन भएको इन्सेकको निष्कर्ष छ । कैदी भाग्न खोजेको आरोपमा चरम यातना दिनु, कैदीबन्दीको प्रशासनलाई बुझाउन तत्काल उपचारका लागि अस्पताल नलैजानु, अन्तिम अवस्थामा अस्पताल लैजानु, पीडित परिवारलाई समयमा जानकारी नगराउनु जस्ता कार्यले राज्यका निकायले उपयुक्त जिम्मेवारी वहन नगरेको इन्सेकको निष्कर्ष छ ।

सुझाव

- घटनामा संलग्न रहेका सुरक्षाकर्मीलाई तत्कालै अनुसन्धानको प्रक्रिया ल्याउनु पर्छ ।
- पीडित परिवारलाई उचित क्षतिपूर्ति प्रदान गर्नु पर्छ । ड्ड घटनाको निष्पक्ष र वस्तुनिष्ठ छानविन गर्नु पर्छ ।
- कारागारको आन्तरिक प्रशासनका नियम कानुन मानव अधिकारमैत्री बनाउनु पर्छ । ड्ड देशभरका कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी छन् जसका कारण कैदीबन्दीको मानव अधिकारको गम्भीर उल्लङ्घन भएका छन् यस विषयमा ध्यान पुयाउनु पर्छ ।
- कारागारमा स्रोत साधनको उचित व्यवस्था गर्नु पर्छ ।
- कागजमा सीमित खुला कारागारको अवधारणा कार्यान्वयन गर्नु पर्छ ।

इन्सेकले पिडितलाई क्षतिपुर्ति र पिडकहरुको अनुसन्धानगरी कानुनी कारवाही गर्न माग समेत गरको छ।

## राष्ट्रसेवक...

दिनु प्राकृतिक न्यायको सिद्धान्त विपरित थियो । अनुसन्धान गर्ने निकायलाई नै फैसलाको अधिकार दिने व्यवस्था २०४६ सालको राजनैतिक परिवर्तन पछि बनेको संविधानले खारेज गऱ्यो ।

मुद्दा सुरु गर्ने, अनुसन्धान गर्ने र अन्तिम किनारा गर्ने एउटै निकाय गठन गरिएकोमा आयोगको व्यापक आलोचना भए पनि व्यवहारमा आयोग एउटा थपनासम्म देखिएको थियो । पञ्चायती सरकारमा भ्रष्टाचार विरोधी यति धेरै कुरा भए पनि भ्रष्टाचार नियन्त्रणका लागि भने प्रभावकारी प्रयास भएको थिएन ।

२०४६ सालको परिवर्तनपछि जननिर्वाचित नेपाली कांग्रेसको सरकार भ्रष्टाचारप्रति केही सजग देखियो । विशेष प्रहरी विभाग र अख्तियार दुरुपयोग निवारण आयोग विघटन गरी नयाँ ऐन ल्याएर अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन गऱ्यो । आयोगलाई भ्रष्टाचार विरुद्ध अनुसन्धान गर्ने जिम्मेवारी दिई उक्त आयोगले गरेको अनुसन्धानमा आधारित भ्रष्टाचार मुद्दा हेर्न विशेष अदालत गठन गऱ्यो ।

२०४८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन आएलगत्तै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको मन्त्रिपरिषद्ले प्रधानमन्त्री र मन्त्रीहरूले १५ दिनभित्र सम्पत्ति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउने र गोरखापत्र मार्फत सार्वजनिक गर्ने नियम बनाए ।

कोइराला सरकारको उक्त निर्णयको अनुसरण गर्दै प्रधानमन्त्री र मन्त्रीहरूले आ-आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्दै आएकोमा प्रधानन्यायाधीश खिलराज रेग्मी अध्यक्षताको मन्त्रिपरिषद्ले उक्त परम्परालाई अवरुद्ध गऱ्यो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको वेबसाइटमा मन्त्रि परिषद्का अध्यक्ष र सात मन्त्रीले सम्पत्ति विवरण बुझाएको उल्लेख गरे पनि सम्पत्ति विवरण नै भने सार्वजनिक गरिएन ।

रेग्मी मन्त्रिपरिषद् (२०७० वैशाख) ले संविधान र कानुन अनुसार सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था नभएको भन्दै सम्पत्ति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउने तर त्यसलाई गोप्य राख्ने निर्णय गरेको थियो ।

मन्त्रिपरिषद्का अध्यक्ष र सदस्य सम्पत्ति विवरण सार्वजनिक गर्न बाध्य नभएको र गोपनीयता सम्बन्धी मौलिक हकमा समेत सम्पत्ति विवरण गोप्य राख्न पाइने व्यवस्था भएको भन्दै सम्पत्ति विवरण लिने तर सार्वजनिक भने नगर्ने नीति अध्यक्ष रेग्मीले अख्तियार गरेका थिए ।

२०५९ सालमा सरकारले भ्रष्टाचार निवारण ऐन, २०१७ खारेज गरी भ्रष्टाचार निवारण ऐन, २०५९ ल्यायो । यस ऐनको दफा ५० (१) मा सम्पत्ति विवरण सम्बन्धी व्यवस्था गरेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) मा पनि सम्पत्ति विवरण बुझाउने म्याद ६० दिन तोकियो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा सम्पत्ति विवरण सम्बन्धी व्यवस्था भइसकेपछि सोही अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा दोस्रो संशोधन (२०५९) मार्फत ऐनको दफा ३१ मा 'दफा ३१ क' सम्पत्ति विवरण सम्बन्धी व्यवस्था थप गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० लाई हूबहू समावेश गरियो ।

यति मात्र नभई निजामती सेवा नियमावली, २०५० मा पनि संशोधन गरी नियम ११८(१) मा प्रत्येक निजामती कर्मचारीले हरेक आर्थिक वर्ष सकिएको ६० दिनभित्र सम्पत्ति विवरण तोकिएको ढाँचा बमोजिम पेश गर्नुपर्ने अनिवार्य व्यवस्था गरियो ।

संविधानले व्यक्तिलाई मौलिक हकको रूपमा गोपनीयताको अधिकार पनि प्रदान गरेको छ । वर्तमान संविधानको धारा २८ गोपनीयताको हकले कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानुन बमोजिम बाहेक अनतिक्रम्य हुने व्यवस्था गरेको छ ।

संविधानले उपरोक्त मौलिक हक निर्धारण गर्दा के मनसाय लिएको छ भन्ने कुरा उपरोक्त व्यवस्थाबाटै स्पष्ट छ । व्यक्तिको सम्पत्ति वा चरित्र आदि अनतिक्रम्य हुनुपर्छ । अतिक्रमण हुने वा हुनसक्ने सम्भावनासम्म व्यक्तिको सम्पत्ति सम्बन्धी गोपनीयता कायम रहनुपर्छ । तर व्यक्तिको सम्पत्ति उजागर हुँदैमा अतिक्रम्य भएको भन्न मिल्दैन ।

नेपालले अन्य मुलुकहरूले झैं सम्पत्तिको सार्वजनिकताको सिद्धान्त अनुसरण गरी कानुन बनाएको छ । सबाल उठ्छ- सम्पत्तिको सार्वजनिकताको सिद्धान्त के हो ? सम्पत्ति निजी वा सार्वजनिक अनेक प्रकारका छन् ।

निजी सम्पत्ति आर्जन गर्ने कानुनी व्यवस्था छ । कानुनले तोकेको तरिकाबाट आर्जन भएको सम्पत्ति अनतिक्रम्य हुन्छ तर गैरकानुनी तवरले आर्जन भएको सम्पत्ति कानुनद्वारा नै हरणीय हुन्छ ।

सार्वजनिक पद धारण गरेको व्यक्तिबाट राज्यले सदाचारको अपेक्षा गर्दछ । प्रधानमन्त्री हुन् कि प्रधानन्यायाधीश वा सार्वजनिक जिम्मेवारी ग्रहण गरेको अन्य कुनै व्यक्ति, उसले गैरकानुनी ढंगबाट सम्पत्ति आर्जन गर्न मिल्दैन ।

तर मुलुकमा भ्रष्टाचारको विद्यमानताले सार्वजनिक पद ग्रहण गरेका व्यक्तिबाट गैरकानुनी ढंगबाट सम्पत्ति आर्जन हुने गरेको देखाएपछि त्यस्तो प्रवृत्तिलाई निरुत्साहित, नियन्त्रण र निषेध गर्न सार्वजनिक पद धारण गरेका प्रत्येक व्यक्तिले आफूले आर्जन गरेको सम्पत्ति के हो भन्ने सार्वजनिक गर्नु आवश्यक ठहर गरेको छ ताकि नाजायज सम्पत्तिको आर्जनमा लगाम लगाउन सकियोस् ।

यसर्थ कानुनको यस मनसायले कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले आफूले आर्जन गरेको सम्पत्ति वैध छ भन्ने बर्सेनि देखाउनुपर्ने हुन्छ ।

सम्पत्ति सार्वजनिक गरेको कुरा कसरी पुष्टि हुन्छ ? के कुनै व्यक्तिले मेरो सम्पत्ति यति छ भनी खामभित्र राखेर सरकारी दराजमा सधैंको लागि थन्काइदिंदा सम्पत्तिको विवरण सार्वजनिक भएको मान्न सकिन्छ ? राष्ट्रसेवक निजामती, प्रहरी, सेना लगायत सार्वजनिक पद धारण गरेका व्यक्तिको संख्या लाखौंमा रहेको छ ।

उनीहरूले बर्सेनि आफ्नो र आफ्नो परिवारको नाममा भएको चल-अचल सम्पत्तिको विवरणको खाम नेपाल सरकारलाई बुझाउँछन् । तर सरकारले त्यस विवरणलाई अध्ययन नै नगरी त्यत्तिकै गोप्य रूपमा राखी छाडेर भ्रष्टाचार सम्बन्धी कानुनको उद्देश्य पूरा भएको हुँदैन ।

सरकारले वा भ्रष्टाचार सम्बन्धी कारबाही गर्ने निकायले वा कर प्रयोजनसँग सम्बन्धित निकायले बर्सेनि प्राप्त हुने सम्पत्ति विवरणको अध्ययन गरी उक्त सम्पत्ति विवरणमा वैध-अवैध सम्पत्ति ठहराई, अवैध जति जफत गरी र करको दायरामा परेजतिको कर असुल गरी क्लिन चिट दिनुपर्छ ।

यसैगरी सम्पत्तिको विवरण कहाँ बुझाउने भन्ने सवाल पनि महत्वपूर्ण छ । सम्पत्ति विवरण बुझाउँदा नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ ( अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोके बमोजिम तत्-तत् निकायका पदाधिकारी कर्मचारीहरूले सोही सूचनामा तोकेको तत्-तत् निकायमा सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था गरिएको छ ।

निजामती कर्मचारीहरूले आ-आफ्नो कार्यालय मार्फत वा सोझै राष्ट्रिय किताबखाना ( निजामती) मा पेश गर्नुपर्ने व्यवस्था छ । किताबखानामा समयमै विवरण नपुगी जरिवानाको दायरामा परी निजामती कर्मचारीहरूले असुविधा बेहोर्नुपर्ने अवस्था छ ।

सम्पत्तिलाई अनेक अर्थमा व्याख्या गरिएको छ । सम्पत्तिको वैधानिक व्याख्यामा पनि यसको अनेक अर्थ हुन्छ । सम्पत्ति अन्तर्गत कुनै व्यक्तिद्वारा गरिएको शारीरिक तथा मानसिक परिश्रमको फललाई पनि लिइन्छ । कुनै व्यक्तिले आफ्नो कुनै कुराको सट्टा जे वस्तु प्राप्त गर्दछ वा जुन वस्तु उसलाई दिइन्छ, त्यो वस्तु कानुनद्वारा उक्त व्यक्तिको व्यक्तिगत सम्पत्ति मानिन्छ ।

अर्थात् त्यस्तो वस्तु प्रयोग गर्ने, भोग गर्ने वा व्यवस्था मिलाउने अधिकार उसलाई प्रदान गरिएको हुन्छ । कानुनद्वारा मान्यता नदिइएको अवस्थामा वस्तु र व्यक्तिबीच कुनै सम्बन्ध रहँदैन ।

राजकाजको काममा संलग्न व्यक्तिले आफ्नो शारीरिक वा मानसिक श्रमको बदलामा सरकारी कोषबाट तोकिएको पारिश्रमिक प्राप्त गर्दछ । त्यो पारिश्रमिक उसको वैध सम्पत्ति हो । तर त्यस्तो व्यक्तिले कानुनी मान्यता बेगर यदि कुनै वस्तु प्राप्त गर्दछ भने त्यो वस्तु उसको कानुनी सम्पत्ति नभई गैरकानुनी सम्पत्तिको व्याख्यामा पर्दछ ।

यसरी कानुनले मान्यता नदिएको वस्तु आफूसँग राख्नु वा र सरकारलाई त्यसको सूचना दिएको जस्तो गरे पनि यथार्थमा सूचना नदिएको अवस्थामा राख्नु वा सरकारले पनि सूचना लिएर यथार्थमा सूचना नलिएको अवस्थामा गैरकानुनी सम्पत्ति कसैलाई राखिराख्न दिनु अनुचित हुन्छ । सम्पत्ति विवरण खामबन्दी गरेर सरकारलाई दिने तर सरकारले हेर्न नपाउने भन्ने अवस्था र व्यवस्था आफैंमा हास्यास्पद हो ।

निजामती सेवा नियमावली, २०५० को नियम ११८ सँग सम्बन्धित अनुसूची १८ को द्रष्टव्यले सरकारी कर्मचारी उपर गरिने कानुन बमोजिमको कारबाहीदेखि बाहेक अरू कुरामा यो विवरण प्रयोग नगरिने, उक्त विवरण सम्बन्धित पदाधिकारी बाहेक अरूले हेर्न नपाइने र विवरण प्रकाश नगरी गोप्य रूपमा राखिने व्यवस्था गरेको छ ।

यस व्यवस्थाभित्रको 'सम्बन्धित पदाधिकारी' ले हेर्न पाउने अवस्था कुनै कर्मचारीउपर उजुर परेको अवस्थामा सीमित गर्नु उचित छैन । बल्कि विशेष पदाधिकारी तोकेर सम्पत्ति विवरणको मूल्यांकन भइरहने पद्धति कायम गर्नु उचित हुन्छ ।

कुनै पनि राजनेता वा राष्ट्रसेवकले एकै दिनमा वा एकै वर्षमा अकुत सम्पत्ति आर्जन गर्न सक्दैन । गैरकानुनी ठहरिने अकुत सम्पत्तिको आर्जनमा वर्षौं वर्ष लाग्दछ । तर बर्सेनि सम्पत्ति विवरणको मूल्यांकन भइदिने हो भने कुनै पनि व्यक्ति भ्रष्ट बन्ने अवस्था नै आउँदैन ।

सबैभन्दा गहकिलो कुरा के हो भने सरकारले व्यापारी, उद्यमी, व्यवसायीहरूबाट बर्सेनि कर सरोकारको क्रममा सम्पत्ति शुद्धीकरण गर्दछ; प्रधानमन्त्री र मन्त्रीहरूले आफ्नो सम्पत्ति सार्वजनिक गरेको हुन्छ तर अन्य पदाधिकारी वा कर्मचारीहरूले आफ्नो सम्पत्ति सार्वजनिक गर्न नहुने भन्ने किन ?

सम्पत्ति विवरण बुझाउँदा नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना तोके बमोजिम तत्-तत् निकायका पदाधिकारी कर्मचारीहरूले सोही

वांकी अन्तिम पेजमा...

# स्वास्थ्य

## नरिवलको पानीमा फाईदैफाईदा

नरिवल पानी जैबिक रुपमा स्वस्थ र सफा पेय पर्दाथ हो। हामीले दैनिक खाने नरिवल फलफूल परिवार अन्तर्गत पर्ने महत्वर्पूण फल हो। पोषयुक्त यस फल स्वास्थ्यको पर्याबाची नै बनेको छ । यो शत प्रतिशत स्वस्थ र संक्रमणमुक्त हुन्छ। यसमा ९४ प्रतिशत पानी हुनुका साथै क्यालोरीको मात्रा पनि न्यून हुन्छ। शून्य कोलेस्ट्रोल यो पानी अतयन्तै स्वस्थ र भिटामिनहरुले भरिपूर्ण पेय पर्दाथ हो। यसमा भिटामिन बी र एमिनो एसिड पर्याप्त मात्रामा पाइन्छ त्यस्तै, पोटासियम र म्याग्नेसियमयुक्त नरिवल पानीको फाइदा हामीहरुले सोचेभन्दा बढी फाइदा छ ।

मुटुका लागि उत्तम मानिने नरिवल र यसको पानी केवल तिर्खा मेट्ने माध्यम मात्र होइन् । एक अध्ययन अनुसार नरिवल पानीले ह्दय घातको खतरलाई न्यून गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नरिवलमा हुने उच्च मात्राको पोटासियमले शरीरमा अनाबश्यक तरल पर्दाथलाई फाल्न सहयोग पुयाउनुका साथै हाइपरटेन्सनको खतरालाई घटाउछ। नियमित एक गिलास नरिवल पानी खाँदा मुटु रोग र ह्दयघातको खतरा न्यून हुन्छ ।

किड्नी स्टोनको खतरा घटाउँछ

नियमित नरिवल पानी पिउदा किड्नी स्टोनको खतराबाट बचाउँछ। यसमा हुने पोटासियम र म्याग्नेसियमले पिसाबको प्रबाहलाई बृद्धि गरी शरीरमा अत्यधिक पानी हुने समस्याबाट बचाउछ। यदि तपाईंलाई किड्नीको स्टोन छ भने पनि पिसाबको प्रबाहलाई तीब्र पारेर यस रोगबाट मुक्ति मिल्न समेत सहयोग मिल्छ ।

पखलाको उपचार

तपाईंलाई पखला लागेको छ ? यदि हो भने नरिवल पानी अचूक औषधी हो। नरिवल पानीले तपाईंको शरीरबाट खेरा गइरहेको पानीको मात्रलाई पूर्ती मात्र गर्दैन इलेक्ट्रोलाईट र खनिज पनि प्रदान गर्छ। शरीरभित्र भएका अनवाश्यक हानीकारक विषहरुलाई यसले बाहिर फालिदिन्छ। नरिवल पानी प्राकृतिक रुपमा नै सबल हुन्छ। हाम्रो शरीरमा आवश्यक पर्ने इलेक्ट्रोलाईट तह नरिवललमा पाइन्छ ।

गर्मीमा शरीरलाई शितलता दिन्छ

गर्मीमा हुने तिक्षण तापक्रम र त्यसपछि पसिनाले शरीर सजिलै सुख्खा हुन्छ। गर्मी भइरहेको बेला शरीरलाई आनन्द दिनका लागि नरिवल पानी भन्दा अर्को कुनै हुन सकदैन्। काबोहाइड र सुगरको मात्रा न्यून तथा पर्याप्त इलेक्ट्रोलाइट्सयुक्त यो निकै ताजा पेय पर्दाथ हो ।

व्यायायमपछि पिउँदा फूर्तीलो र तन्दुरुस्ती बढाउँछ

ठूलो शारीरिक बल प्रयोग गर्ने काम गर्दा र व्यायायमको क्रममा डिहाइड्रेडको सम्भावना हुन्छ। यस्तो अवस्थामा नरिवल पानी महत्वपूर्ण पेय पर्दाथ हुन सक्छ। व्यायापपछिको डिहाइड्रेसनबाट बच्नका लागि पनि यसको महत्व छ। यसमा क्यालोरिको मात्रा न्युन तथा पोटासको मात्रा उच्च भएकोले शरीरबाट खेरा गइरहेको झोललाई पूर्ती गर्नका लागि पनि यसको महत्व छ ।

छालामा चमकपन बढाउँछ, निखारता ल्याउँछ

भद्दा छालालाई चमक बनाउने इच्छा कसको हुँदैन र ? निश्चय नै ताजा नरिवल पानीको सेबनले छाला नरम बनाउनुको साथै धपक्क चमक ल्याइदिन्छ । त्यस्तै हात र अनुहारमा दिनको दुई पटक यसको प्रयोग गर्दा अत्यधिक फाइदा भएको पुष्टि भइसकेको छ । नरिवल पानीमा हुने काइटोकिनिस नाम गरेको तत्वले हाम्रो शरीरको कोषलाई सशक्त बनाउनुका साथै चाउरी र बृद्ध हुनबाट बचाउँछ ।

गर्भवतीसँग सम्बन्धित समस्याबाट मुक्ति

नरिवल पानी स्वभाविक रुपमा स्वस्थ र संक्रमणरहित हुनाले गर्भावस्थामा यसलाई पिउदा सुरक्षित मानिन्छ । गर्भाधारणका क्रममा हुने वाकवाकी, अम्लियपन, र मुटु तथा घाँटी पोल्ने समस्याबाट पनि मुक्ति मिल्छ । त्यस्तै गर्भवतीले नियमित नरिवल र यसको पानी खाँदा पेटभित्रको शिशु निकै स्वस्थ हुने चिकित्सकहरुले बताउने गरेका छन् । एजेन्सी

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**